जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक ७६ २०८३ साल कात्तिक २ गते सोमबार (19 Oct 2026 Monday) मूल्य रु. ५/-

## बाल अधिकारको संरक्षण

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : न्युयोर्कमा राष्ट्रसङ्घीय महाभेला,. ३ पृष्ठमा : 'ठूलो बाढी आउँदैछ' भन्ने ... ३ पृष्ठमा पाकिस्तानमा १५ लाख ...

# छिन्नमस्ताका कर्मचारीले दशैंमा पनि पाएनन् तलब, जेष्ठ नागरिक समेत सामाजिक सुरक्षा भत्ता पाउनबाट बञ्चित




**दैनिक समाचारदाता**
**राजविराज, १ कात्तिक ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिकाका कर्मचारीहरुले दशैंमा तलब पाएनन् भने ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता समेत उपलब्ध हुन सकेन् ।

दसैं अन्तर्गत महाअष्टमीका दिनसमेत तलब र सामाजिक सुरक्षा भत्ताको प्रतीक्षामा बस्नुपर्ने अवस्था आएपछि गाउँपालिकाको बजेट व्यवस्थापन र प्रशासनिक कार्यसम्पादनमाथि प्रश्न उठेको छ ।

गाउँपालिकाले आर्थिक वर्षको सुरुवातमै गाउँसभा गरे पनि जनप्रतिनिधिबीच बजेट तथा विकास योजनाको बाँडफाँडमा सहमति जुट्न नसक्दा सभा आवश्यक प्रक्रिया पूरा गरी निष्कर्षमा पुग्न नसकेको हो । बजेट तथा योजना छनोटमा सहमति नजुट्दा गाउँपालिकाको वार्षिक कार्यक्रम र बजेट पारित गर्ने प्रक्रिया प्रभावित भएको छ ।

गाउँपालिकाका एक कर्मचारीका अनुसार पालिकाका सम्पूर्ण कर्मचारीले साउन महिनादेखिकै तलब पाउन सकेका छैनन् । त्यस्तै, गाउँसभा तथा बजेटसम्बन्धी प्रक्रिया पूरा हुन नसक्दा ज्येष्ठ नागरिक, एकल महिलालगायत लाभग्राहीले सामाजिक सुरक्षा भत्तासमेत प्राप्त गर्न नसकेको उनले बताए ।

श्रोतका अनुसार आगामी स्थानीय तह निर्वाचनलाई ध्यानमा राखेर जनप्रतिनिधिहरूबीच बजेट तथा योजना छनोटमा स्वार्थको टकराव भएको छ । विकास योजनाको बाँडफाँडमा सहमति नजुट्नु बजेट पारित गर्न ढिलाइ हुनुको एउटा कारण हो । यद्यपि, बजेट निर्माणमा कमिसनको स्वार्थ जोडिएको भन्ने आरोपको स्वतन्त्र पुष्टि हुन सकेको छैन ।

यस विषयमा गाउँपालिकाका अध्यक्ष विद्ययानन्द चौधरीसँग प्रतिक्रिया लिन सम्पर्क गर्ने प्रयास गरिए पनि उनी सम्पर्कमा आउन चाहेनन् ।

## दुई मोटरसाइकल ठोकिदा एकको मृत्यु, तीन जना घाइते

**दैनिक समाचारदाता**
**जनकपुरधाम, १ कात्तिक ।**

जनकपुरधाम उपमहानगरपालिका १७ तेतरिया पुलमा शनिबारराति दुई मोटरसाइकल एकापसमा ठोक्किंदा एक जनाको मृत्यु भएको छ भने अन्य तीन जना घाइते भएका छन् ।

मृत्यु हुनेमा मोटरसाइकलका चालक १८ वर्षीय सुजित यादव छन् । यादवले चलाएको मोटरसाइकलमा सवार बलराम यादव, अर्को मोटरसाइकलका चालक कमला नगरपालिका ७ का २० वर्षीय रामपुकार यादव र त्यसमा सवार सोही स्थानका अखिलेश यादव घाइते भएका हुन् ।

अखिलेशको अवस्था गम्भीर रहेकोले उनको जनकपुरस्थित न्युरो अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

## सिन्धुलीमा 'टाटा सुमो' दुर्घटना हुँदा तीनको मृत्यु, चारजना घाइते

काठमाडौँ, १ कात्तिक (रासस) ।

सिन्धुलीको फिक्कल गाउँपालिका ६ स्थित नागथानमा काठमाडौँबाट खोटाङतर्फ जाँदै गरेको 'टाटा सुमो' गति अनियन्त्रित भई आइतबार विहान सुनकोशी नदीमा खसेर दुर्घटना हुँदा सुमोका चालकसहित तीन जनाको घटनास्थलमा नै मृत्यु भएको छ । सो सवारी साधानमा १० जना यात्रु रहेका जनाइएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

## देशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा नौ जनाको मृत्यु

काठमाडौँ, १ कात्तिक (रासस) ।

देशका विभिन्न स्थानमा भएका सवारी दुर्घटनामा नौ जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार पछिल्लो २४ घण्टामा सिन्धुली, सुनसरी, उदयपुर, धनुषा, मोरङ, रौतहट र रोल्पामा भएका दुर्घटनामा नौ जनाको मृत्यु भएको हो ।

सिन्धुलीको फिक्कल गाउँपालिका-६ नागथानस्थित सडकमा को१ज २९७६ नम्बरको सुमो अनियन्त्रित भई आइतबार बिहान दुर्घटना हुँदा तीन जनाको घटनास्थलमै मृत्यु भएको छ । खोटाङको दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-५ बस्ने २१ वर्षीया युपना राईसहित तीन जनाको घटनास्थलमै मृत्यु भएको हो ।

काठमाडौँबाट खोटाङतर्फ जाँदै गरेको उक्त सुमो दुर्घटनामा घाइते भएका चालक र एक यात्रुको सिन्धुली अस्पताल र अन्य दुई जनाको राष्ट्रिय ट्रमा सेन्टरमा उपचार भइरहेको छ ।

त्यस्तै, सुनसरीको इनरूवा नगरपालिका-४ बसचोकस्थित सडकमा लु२ख ६९१२ नम्बरको ट्रकले को२५प २७४९ नम्बरको

*बाँकी अन्तिम पृष्ठमा*

## धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं

- ❖ चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,
- ❖ चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- ❖ धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- ❖ एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।

**सामाजिक सद्भाव र सहिष्णुता कायम गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## सम्पादकीय

### प्रजनन् स्वास्थ्य सम्बन्धी पहल आवश्यक

महिला र बालबालिकाहरुको स्वास्थ्य अवस्थामा सकारात्मक परिवर्तन ल्याउनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कैयन प्रयासहरु भएका छन् । तर यस्ता खाले प्रयासहरुबाट महिला तथा बालबालिकाको अवस्थामा केही सुधार आए पनि समग्र रुपमा हालसम्म पनि स्थिति सकारात्मक बन्न सकेको छैन । नेपालमा खासगरी ग्रामीण क्षेत्रका महिला र बालबालिकाहरुको अवस्था अझै पनि चिन्ताजनक रहेको छ । महिलाहरुको स्वास्थ्य, प्रजनन् स्वास्थ्य, शिक्षा, आर्थिक, श्रोत र साधनमा पहुँच आदि सवालमा हाम्रा ऐन र नियमावलीले पर्याप्त रुपमा बोलेको भए पनि महिलाहरुको यस्ता अवस्थाहरुमा हालसम्म पनि सकारात्मक नतीजा पूर्ण रुपले आउन नसक्नु दुःखद छ ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासंधि १९७९ र बालबालिका सम्बन्धि महासंधिले महिला तथा बालबालिकाको अधिकार प्राप्तिका लागि राज्यपक्षलाई जिम्मेवार बनाएको छ । नेपालले पनि ति दुवै महासंधि आधारमा ऐन तथा नियमावलीहरु निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । महिलामाथिको प्रताडना, शोषण र विभेद कायमै छ । महिलालाई बोक्सी आरोपमा मुलमुत्र खुवाउने, कुट्ने जस्ता अमानवीय घटनाहरु समाचार पत्रका शीर्षक बन्ने गरेका छन् ।

बालबालिकाहरुको शिक्षाको अधिकार खेलकुद र मनोरञ्जनका अधिकार, शोषण-भेदभाव विरुद्धको अधिकार आदिमा केही सुधार भए पनि सम्पूर्ण रुपमा सन्तोष गर्ने स्थिति भने अझसम्म पनि बन्न सकेको छैन । तसर्थ महिला र बालबालिकाहरुको अधिकारलाई प्राथमिकतामा राखेर उनीहरुलाई विकासको मुलधारामा समाहित गराउनु आजको आवश्यकता हो ।

## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# सेनाको विपद् प्रतिकार्य : समन्वय र सहकार्यको उत्कृष्ट संयोजन

काठमाडौँ, १ कात्तिक (रासस) ।

नेपाली सेनाले भोटेकोशी बाढीपछि विपद्का घटनामा गरिएको खोज, उद्धार तथा पुनःस्थापनालाई समन्वय, सहकार्य र आपसी सहयोगको उत्कृष्ट संयोजनको संज्ञा दिएको छ ।

बाढीपहिरो प्रभावित क्षेत्रमा सडक र पुल भत्किएर आवागमन ठप्प भएको बेला बदलिँदो परिस्थितिअनुसार प्रविधिको उपयोग गर्दै विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन सेनाले देखाएको तत्परता र व्यावसायिक क्षमतालाई प्रतिबिम्बित गरेको स्पष्ट पारेको छ ।

सैनिक प्रवक्ता राजाराम बस्नेतका अनुसार प्रतिकूल मौसम, दुर्गम भूगोल र चुनौतीपूर्ण परिस्थितिका बाबजुद त्यो कठिन घडीमा नागरिकको जीवन रक्षालाई उच्च प्राथमिकतामा राखि गरिएको खोज, उद्धार, राहत र स्थानान्तरणमा सुरक्षा फौज समन्वयका साथ सक्रिय रूपमा परिचालित थियो ।

रसुवाबाढीपछि प्रभावित क्षेत्रको अवस्थाको स्मरण गराउँदै सेनाले लेखमार्फत उपलब्ध गराएको विवरणमा भनिएको छ- "जोखिमपूर्ण परिस्थितिमा परिचालित सैनिकहरूको साहस, कर्तव्यनिष्ठा, व्यावसायिक दक्षता र सेवाभावले जनताको सुरक्षा तथा कल्याणप्रतिको प्रतिबद्धतालाई व्यवहारमै अभिव्यक्त गरेको छ ।"

**'समर्पणले नागरिकमा भरोसा जगाएको छ'**

भदौ १० गते भोटेकोशीको भीषण बाढीबाट प्रभावित नागरिकको खोज, उद्धार तथा पुनःस्थापनाको कार्य जारी रहेकै अवस्थामा असोजमा भएको अविरल वर्षाले देशका विभिन्न क्षेत्रमा बाढी, पहिरो र डुबानको जोखिम थप बढायो । बागलुङ, पर्वत, म्याग्दी, मनाङ र मुस्ताङलगायत जिल्लामा जनधनको क्षति भयो । बाढी र पहिरोबाट सडक तथा पुलमा क्षति पुग्दा स्थानीय बासिन्दा र पर्यटकको आवागमनसमेत प्रभावित भयो । विपद्को त्यस्तो कठिन घडीमा नागरिकको जीवन रक्षा र सुरक्षालाई सर्वोच्च प्राथमिकतामा राख्दै सेना तत्काल खोज तथा उद्धार, राहत वितरण र जोखिममा रहेका नागरिकको सुरक्षित स्थानान्तरणमा सक्रिय रूपमा परिचालित थियो ।

प्रतिकूल मौसम, दुर्गम भूगोल र चुनौतीपूर्ण परिस्थितिका बाबजुद नेपाली सेनाले स्थल तथा हवाई साधन, स्वास्थ्यकर्मी र इन्जिनियरिङ फौजसहित हजारौँ सैनिकलाई चौबिसै घण्टा परिचालन गरी विपद् प्रतिकार्यलाई तीव्रता दियो । जोखिमपूर्ण स्थानमा रहेका १२७ जनालाई हवाई साधनमार्फत सुरक्षित स्थानमा स्थानान्तरण गर्नुका साथै प्रभावित क्षेत्रमा अत्यावश्यक राहत सामग्री पुऱ्याइएको थियो । सडक अवरुद्ध भएका स्थानमा उद्धार तथा सडक पुनः सञ्चालनका लागि प्रयोग गरिने मेसिनमा इन्धन आपूर्ति गर्न ड्रोनको प्रयोगसमेत गरिएको थियो । यसले बदलिँदो परिस्थितिअनुसार प्रविधिको उपयोग गर्दै विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउने नेपाली सेनाको तत्परता र व्यावसायिक क्षमतालाई प्रतिबिम्बित गरेको छ ।

यसैक्रममा मनाङको चामे गाउँपालिका-४ स्थित ठाडो खोलामा पहिरोका कारण थुनिएको मर्स्याङ्दी नदीको बहाव पूर्ववत् सञ्चालनमा ल्याउन सेना सक्रिय रह्यो । अवरुद्ध विद्युत् प्रसारण लाइन सञ्चालनमा सहयोग गर्नुका साथै बाढीले बगाएको पुलको स्थानमा अस्थायी पुल निर्माण गरी माथिल्लो मनाङसँगको आवागमन सुचारु गराउने कार्यमा समेत सेनाले योगदान पुऱ्याएको थियो । त्यस्तै, नार्फाभूमि गाउँपालिका-५ स्थित हिम्लुङ हिमालमा गएको हिमपहिरोमा परी मृत्यु भएका पर्यटकहरूको शव हवाई माध्यमबाट उद्धार गर्ने कार्यमा सहयोग गरी मानवीय दायित्व निर्वाह गरेको छ ।

असोज २५ गते बुढीगण्डकी नदीमा आएको बाढीबाट प्रभावित नागरिकको उद्धारमा समेत सेना तत्काल परिचालित भयो । एमआई-१७ सहित चारवटा हेलिकप्टर तथा स्थलमार्गबाट परिचालित उद्धार टोलीले विभिन्न प्रभावित क्षेत्रबाट विदशीसहित एक हजार १०६ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गऱ्यो । बाढीबाट प्रभावित स्थानीयवासीका घरमा डुबानमा परेका सामान सुरक्षित रूपमा निकाल्न सहयोग गर्नुका साथै सडक सञ्जाल विच्छेद भएका क्षेत्रमा करिब १८ हजार ६८० किलोग्राम खाद्यान्न तथा राहत सामग्री ढुवानी गरियो । बाढीबाट क्षतिग्रस्त आरुघाटस्थित पुलको स्थानमा बेलिब्रिज जडान गरी आवागमन पुनः सञ्चालन गर्ने तयारी अघि बढाउनु पनि प्रभावित क्षेत्रको जनजीवन सामान्य बनाउन नेपाली सेनाले निर्वाह गरेको महत्त्वपूर्ण भूमिकामध्ये एक हो । यसअघि भोटेकोशी बाढीबाट क्षति पुगेको सडक सुचारु गर्न देविघाटस्थित तादी खोला र बेत्रावतीस्थित फलाकु खोलामा एक्रोबृज जडान गरी

*बाँकी तीन पृष्ठमा*


हार्दिक मंगलमय शुभकामना



२०८३ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्धेश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार



हार्दिक मंगलमय शुभकामना



२०८३ सालको विजयादशमीको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण ग्राहक, कर्मचारी, शेयर सदस्य, पदाधिकारी एवं जिल्लावासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

# एनपिएलमा विदेशी खेलाडीका लागि नयाँ मापदण्ड, एनओसी अनिवार्य

काठमाडौं, १ कात्तिक (रासस)।

अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी) बाट मान्यता पाएसँगै नेपाल प्रिमियर लिग (एनपिएल) मा खेलाडीको योग्यता, भ्रष्टाचार नियन्त्रण र खेल सञ्चालनसम्बन्धी नियम कडा हुने भएका छन्।

नेपाल क्रिकेट सङ्घ (क्यान) का सचिव पारस खड्काले शनिबार कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदानमा आयोजित पत्रकार सम्मेलनमा एनपिएल सञ्चालनका लागि आइसिसीको मापदण्डअनुसार आवश्यक व्यवस्था गरिने जानकारी दिनुभएको हो।

प्रतियोगितामा सहभागी विदेशी खेलाडीले सम्बन्धित क्रिकेट बोर्डबाट नो अब्जेक्सन सर्टिफिकेट (एनओसी) लिनुपर्नेछ भने म्याच फिक्सिङ र स्पट फिक्सिङ नियन्त्रण गर्न आइसिसीको भ्रष्टाचारविरोधी आचारसंहिता लागू गरिने उहाँले बताउनुभयो।

"फ्रेन्चाइज क्रिकेटमा हुन सक्ने अनियमितता रोक्न आइसिसीको एन्टी-करप्शन युनिट (एसीयू) का नियमहरू कडाइका साथ लागू गरिनेछ। नेपालको कानुन र आइसिसीको आचारसंहिता दुवै यसमा लागू हुने हुँदा खेलाडी, टिमधनी तथा सबै सरोकारवालाहरूले थप जिम्मेवार र सतर्क हुनुपर्नेछ", सचिव खड्काले भन्नुभयो।

उहाँका अनुसार आइसिसीको प्रावधानअनुसार प्रतियोगिता सुरु हुनुभन्दा अघिल्लो छ महिनाको अवधिमा गैरकानुनी वा सम्बन्धित निकायबाट स्वीकृति नलिएको क्रिकेट प्रतियोगिता खेलेका खेलाडी एनपीएलमा सहभागी हुन पाउने छैनन्। अन्तरराष्ट्रिय क्रिकेटबाट सन्यास लिइसकेका विदेशी खेलाडीले समेत सम्बन्धित क्रिकेट बोर्डबाट एनओसी लिनुपर्ने व्यवस्था छ।

"अन्तरराष्ट्रिय क्रिकेटबाट सन्यास लिएका विदेशी खेलाडीले एनपिएल खेल्नका लागि आ-आफ्नो देशको क्रिकेट बोर्डबाट अनिवार्य रूपमा एनओसी लिनुपर्नेछ। आइसिसी वा सम्बन्धित क्रिकेट बोर्डबाट स्वीकृति नलिएका प्रतियोगिताहरू एनपिएल सुरु हुनुभन्दा अघिल्लो छ महिनाको अवधिमा खेलेका खेलाडीहरू यसपटकको एनपिएलमा खेल्न योग्य हुने छैनन्", सचिव खड्काले भन्नुभयो।

यस प्रतियोगिताको तेस्रो संस्करण सकिएलगत्तै ६० दिनभित्र हामीले यसको समीक्षा प्रतिवेदन बुझाउनुपर्नेछ। विदेशी खेलाडीसम्बन्धी नियमः यसपटक प्रत्येक फ्रेन्चाइज टिमले कम्तीमा छ देखि बढीमा आठ जनासम्म विदेशी खेलाडी राख्न पाउनेछन्। खेलमा सहभागी हुने अन्तिम ११ खेलाडीमा सात नेपाली र चार विदेशी खेलाडी अनिवार्य समावेश गर्नुपर्नेछ।

एनपिएलमा निर्णय पुनरावलोकन प्रणाली (डिआरएस) लागू गर्ने विषयमा

बाँकी अन्तिम पृष्ठमा

*सेनाको विपद् ...*

रसुवालाई विच्छेद भएको सडक सञ्जालसँग जोड्ने कार्यमा सहयोग पुऱ्याएको छ।

सेनाका यी प्रयासहरू खोज, उद्धार र राहत वितरणमा मात्र सीमित छैनन्। विपद्मा परेका नागरिकको जीवन रक्षा, आधारभूत आवश्यकताको परिपूर्ति, सुरक्षित आवागमनको व्यवस्था तथा जनजीवनलाई सामान्य अवस्थामा फर्काउन सहयोग पुऱ्याउनु यसका महत्त्वपूर्ण पक्ष हुन्।

जोखिमपूर्ण परिस्थितिमा परिचालित सैनिकहरूको साहस, कर्तव्यनिष्ठा, व्यावसायिक दक्षता र सेवाभावले जनताको सुरक्षा तथा कल्याणप्रतिको प्रतिबद्धतालाई व्यवहारमै अभिव्यक्त गरेको छ।

विपद् व्यवस्थापन सम्बद्ध सबै निकायहरूको समन्वय र सहकार्यबाट मात्र प्रभावकारी हुन सक्दछ। नेपाल सरकारको निर्देशनमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, स्थानीय प्रशासन, स्थानीय तह तथा समुदायबीच स्थापित समन्वय र सहकार्यले खोज, उद्धार, राहत वितरण र तत्कालको पुनर्निर्माण कार्यलाई थप प्रभावकारी बनाएको छ। अन्य सुरक्षा निकाय तथा सम्बद्ध सरोकारवालाहरूको एकीकृत प्रयासले विपद् प्रभावित नागरिकलाई समयमै सहायता पुऱ्याउन र जोखिम न्यूनीकरण गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको हो। भौगोलिक अवस्था, सिमित एयर स्पेस, थुनिएका टनेल र पूर्ण रूपमा बन्द स्थलमार्गजस्ता चुनौतीपूर्ण अवस्थामा पनि विपद् पश्चातको हवाई, जमिनी र टनेल खोज तथा उद्धार कार्य त्रुटीरहित ढङ्गबाट सम्पन्न गर्न नेपाली सेना सफल भएको छ।

प्राकृतिक विपद्का कारण नागरिकको जनजीवन प्रभावित हुँदा उनीहरूको जीवन रक्षा र सुरक्षित भविष्य सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्व हो। यस दायित्व निर्वाहमा सेनाले देखाउँदै आएको तत्परता, मानवीय संवेदनशीलता र समर्पणले सङ्कटको समयमा नागरिकमा भरोसा र आशा जगाएको छ। सेवा, सुरक्षा र मानवीय समर्पणलाई मूल भावका रूपमा आत्मसात् गर्दै नेपाली सेना जस्तोसुकै परिस्थितिमा पनि आफ्नो कर्तव्य निर्वाह गर्न प्रतिवद्ध छ।


## हार्दिक मंगलमय शुभकामना



२०८३ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**भुपेन्द्र प्रसाद यादव**
अध्यक्ष, तथा
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
संचालक समिति परिवार
राजविराज ८, सप्तरी

## हार्दिक मंगलमय शुभकामना



२०८३ सालको विजयादशमी, दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, गाउँवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

**विश्वनाथ मण्डल**
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी


## विश्व समाचार

### दुर्गा पूजा मण्डपमा भागदौड, १९ को मृत्यु

कोलकाता, १ कात्तिक (रासस/एपी)।

भारतको पूर्वी राज्य पश्चिम बङ्गालको राजधानी कोलकातामा दुर्गा पूजा पर्वका क्रममा भएको भागदौडमा कम्तीमा १९ जनाको मृत्यु भएको छ भने २५ जना घाइते भएका छन्। अधिकारीहरूका अनुसार शनिबार राति वर्षा हुन थालेपछि मण्डप नजिकै भेला भएका मानिसहरू ओत लाग्न दौडिँदा भागदौड मच्चिएको हो।

प्रहरीका अनुसार केही भक्तजन सडकमा लडेपछि भीड अनियन्त्रित बनेको थियो। घटनामा घाइते भएकाहरूको कोलकाता मेडिकल कलेज तथा अस्पतालमा उपचार भइरहेको छ। अस्पताल पुग्नुभएका मुख्यमन्त्री सुभेन्दु अधिकारीले १९ जनाको मृत्यु भएको र २५ जनाको उपचार भइरहेको जानकारी दिनुभयो। उहाँले राज्यको उच्च अदालतका न्यायाधीशको नेतृत्वमा विशेष अनुसन्धान टोली गठन गरी घटनाको छानबिन गरिने बताउनुभयो।

प्रहरीले घटनाबारे अनुसन्धान सुरु गर्दै केही दुर्गा पूजा मण्डपका आयोजक, निजी सुरक्षाकर्मी तथा ड्युटीमा खटिएका कर्मचारीलाई हिरासतमा लिएको छ। घटनामा भीड व्यवस्थापन र सुरक्षामा कमजोरी भए-नभएकोबारे अनुसन्धान भइरहेको अधिकारीहरूले बताएका छन्।

दुर्गा पूजा पर्वका लागि कोलकाताभरि स्थानीय रूपमा 'पण्डाल' भनिने करिब तीन हजार पाँच सय मण्डप निर्माण गरिएका छन्। घटनापछि अधिकारीहरूले कोलकाताका धेरै भीडभाड हुने स्थल अस्थायी रूपमा बन्द गर्न आयोजकहरूलाई सुझाव दिएका छन्।

भारतमा ठूला धार्मिक पर्वका क्रममा भीड अनियन्त्रित हुँदा भागदौडका घटना बारम्बार हुने गरेका छन्। यस्ता पर्वमा लाखौं मानिस सीमित क्षेत्रमा भेला हुने गरे पनि पर्याप्त सुरक्षा र भीड व्यवस्थापनको अभाव रहने गरेको छ।

सन् २०२५ जनवरीमा विश्वकै ठूलो धार्मिक जमघटका रूपमा चिनिने महाकुम्भ पर्वका क्रममा पवित्र नदीमा स्नान गर्न हजारौं हिन्दू तीर्थयात्री एकैपटक अघि बढ्दा कम्तीमा ३० जनाको मृत्यु भएको थियो। त्यसैगरी, सन् २०१३ मा मध्य प्रदेश राज्यको एउटा मन्दिरमा धार्मिक पर्वका क्रममा पुल भत्किने डरले तीर्थयात्रीहरू आत्तिँदा भएको भागदौडमा कम्तीमा ११५ जनाको मृत्यु भएको थियो। केही मानिसको नदीमा डुबेर मृत्यु भएको थियो।

### भारतमा ट्रक दुर्घटना, १२ जनाको मृत्यु

ग्वालियर (भारत), १ कात्तिक (रासस/एएनआई)।

भारतको मध्य प्रदेशस्थित ग्वालियरमा शीतला माता मन्दिर नजिकै धान बोकेको अनियन्त्रित ट्रकले तीर्थयात्रीहरूलाई ठक्कर दिँदा कम्तीमा १२ जनाको मृत्यु भएको छ भने अन्य २७ जना घाइते भएका छन्। घाइतेमध्ये पाँचदेखि छ जनाको अवस्था गम्भीर रहेको अधिकारीहरूले बताएका छन्।

वरिष्ठ प्रहरी अधीक्षक धर्मवीर सिंहका अनुसार आइतबार बिहान करिब १:३० बजे चिनोरबाट मन्दिरतर्फ आउँदै गरेको ट्रकले ठाडो ओरालोमा नियन्त्रण गुमाएको थियो। ट्रकले प्रहरीका अवरोध तोड्दै तीर्थयात्रीहरूलाई ठक्कर दिएपछि मन्दिरको बाहिरी पर्खाल र ढोकामा समेत ठोक्किएको थियो। उक्त सडकमा भारी सवारीसाधन चलाउन प्रतिबन्ध लगाइएको थियो।

दुर्घटनापछि ३९ जनालाई अस्पताल पुऱ्याइएको र तीमध्ये १२ जनाको मृत्यु भएको सिंहले जानकारी दिनुभयो। घटनामा ड्युटीमा रहेका दुई प्रहरी कर्मचारीसमेत घाइते भएका छन्।

ग्वालियरकी जिल्ला अधिकारी रुचिका चौहानले उद्धारका लागि तत्काल एम्बुलेन्स र अन्य सवारीसाधन पठाइएको बताउनुभयो। दुर्घटनाको कारण पत्ता लगाउन ट्रकको प्राविधिक परीक्षण गरिने र नवरात्रका बेला राखिएका प्रहरी अवरोध तथा जाँच चौकी पार गरेर ट्रक कसरी सडकमा प्रवेश गऱ्यो भन्ने विषयमा अनुसन्धान भइरहेको उहाँले जानकारी दिनुभयो।

एक प्रत्यक्षदर्शीले ट्रकमा क्षमताभन्दा बढी भार रहेको दाबी गर्दै त्यसले पसल र मानिसहरूलाई ठक्कर दिएको बताए। उनका भाइसमेत दुर्घटनामा घाइते भएका छन्।

### रुसमाथिका प्रतिबन्धमा ट्रम्पको रोक

जोइन्ट बेस एन्ड्रुज (अमेरिका), १ कात्तिक (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसमाथिका आर्थिक प्रतिबन्ध र शुल्क कार्यान्वयनमा ६० दिन रोक लगाउनुभएको छ। विश्व अर्थतन्त्रमा त्यसको प्रभाव अध्ययन गर्न निर्णय गरिएको विदेशमन्त्री मार्को रुबियोले बताउनुभएको छ। तर, यसबाट रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई फाइदा पुग्ने भन्दै अमेरिकी सांसद र युक्रेनले आलोचना गरेका छन्।

रुबियोका अनुसार इरानमाथिको युद्ध र यमनका हुथी समूहका आक्रमणलगायत द्वन्द्वले विश्वव्यापी तेल तथा डिजेलको मूल्य बढाएको छ। यस्ता घटनाले समग्र अर्थतन्त्रमा असर पारिरहेकाले प्रतिबन्ध र शुल्कको प्रभाव विश्लेषण गर्नुपर्ने उहाँको भनाइ छ।

अमेरिकी कङ्ग्रेसले गत महिना पारित गरेको कानुनमा रुसी अधिकारी, धनाढ्य वर्ग र वित्तीय संस्थामाथि प्रतिबन्ध लगाउनुका साथै रुसी तेल तथा ग्यासका प्रमुख खरिदकर्तालाई कारबाही गर्ने अधिकार राष्ट्रपतिलाई दिइएको थियो। युक्रेनविरुद्धको युद्धका लागि रुसले आर्थिक स्रोत जुटाउन नपाओस् भन्ने यसको उद्देश्य थियो। तर, कानुन कार्यान्वयन हुनुभन्दा दुई दिनअघि शुक्रबार ट्रम्पले कार्यकारी आदेशमार्फत छुट दिनुभएको थियो।

रिपब्लिकन सिनेटर थोम टिलिसले यस निर्णयलाई गैरजिम्मेवार भन्दै ऊर्जा मूल्य घटाउन पुटिनलाई सहयोग गर्नुभन्दा इरानको समस्या समाधान गर्नुपर्ने बताउनुभएको छ। अर्का रिपब्लिकन सिनेटर टेड क्रुजले पनि यसलाई गल्ती भन्नुभएको छ।

रुबियोले रुसी डिजेल विश्व बजारमा कुनै न कुनै रूपमा पुग्ने भएकाले अमेरिकाले त्यसको हिस्सा प्राप्त गर्नु व्यावहारिक हुने तर्क गर्नुभयो। डिजेल सडक निर्माण, कृषि र निर्माण क्षेत्रमा महत्त्वपूर्ण इन्धन हो। इरान युद्धका कारण बढेको इन्धन मूल्य आगामी महिना हुने मध्यावधि निर्वाचनअघि अमेरिकी मतदाताको प्रमुख चिन्तासमेत बनेको छ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले अमेरिकाले रुसमाथिका थप प्रतिबन्ध हटाउन सक्ने चिन्ता व्यक्त गर्दै ट्रम्पको निर्णयले पुटिनलाई पुरस्कृत गरेको टिप्पणी गर्नुभएको छ।

# फ्रान्समा महँगीविरुद्धको प्रदर्शन हिंसात्मक



पेरिस, १ कात्तिक ( रासस/एएफपी) ।

बढ्दो महँगीविरुद्ध फ्रान्सभर भएको प्रदर्शन शनिबार हिंसात्मक बनेपछि प्रहरीसँग झडप, आगजनी र व्यापक लुटपाट भएको छ । घटनामा करिब ४०० जना पक्राउ परेका छन् भने सेन्ट-एटिनेमा भिड नियन्त्रण गर्ने ग्रेनेड लागेर १७ वर्षीय किशोरको दाहिने हात गुमेको छ ।

गृह मन्त्रालयका अनुसार प्रदर्शनमा पाँच लाख ५० हजार मानिस सहभागी भएका थिए । श्रमिक सङ्गठन सीजीटीले भने आठ लाख मानिसले सहभागिता जनाएको दाबी गरेको छ ।

मास्क लगाएका युवाहरूले पेरिससहित मार्सेइ, बोर्डो, लिल र अन्य सहरमा पसल लुट्नुका साथै गाडी र सरकारी भवनमा आगजनी तथा तोडफोड गरेका थिए । लिमोजमा १४० वर्षभन्दा पुरानो भवनमा आगलागी हुँदा ठूलो क्षति पुगेको छ ।

प्रधानमन्त्री सेबास्टियन लेकोर्नुले हिंसाको निन्दा गर्नुभएको छ भने राष्ट्रपति इमानुएल म्याक्रोनले तोडफोड र लुटपाटमा संलग्नलाई कारबाही गर्ने बताउनुभएको छ ।

आगामी राष्ट्रपति निर्वाचनको तयारी भइरहेका बेला महँगी, राजनीतिक असन्तुष्टि र विद्यार्थी आन्दोलनले अशान्ति थप चर्काएको छ । मध्यपूर्वको युद्धले युरोपमा मुद्रास्फीति बढाउन योगदान गरेको प्रदर्शनकारीहरूको भनाइ छ । आठ वर्षअघि इन्धन कर वृद्धिविरुद्ध आन्दोलन गरेको ‘यल्लो भेस्ट’ समूहले यसपटक ‘यल्लो एन्ड युथ’ प्रदर्शनको आह्वान गरेको थियो ।

राष्ट्रपति निर्वाचनका प्रतिस्पर्धी नेतृ मरिन ले पेनले हिंसाको निन्दा गर्दै अति वामपन्थी नेता जिन-लुक मेलेनचोनको दलले हिंसालाई वैधता दिएको आरोप लगाउनुभएको छ । प्रदर्शनलाई समर्थन गर्दै आउनुभएका मेलेनचोनले भने लुटपाट आफ्नो आन्दोलनको विधिविपरीत भएको बताउँदै त्यसबाट टाढा रहन आग्रह गर्नुभएको छ ।

पेरिसमा प्रदर्शनकारीले म्याक्रोनको राजीनामा माग्दै नारा लगाएका थिए । केहीले सन् १७८९ को फ्रान्सेली क्रान्तिसँग वर्तमान आन्दोलनको तुलना गरेका छन् । विद्यार्थी प्रतिनिधि निकायका प्रमुख रियाद रानीले सरकार दबाबमा परेको बताउँदै असन्तुष्ट फ्रान्सेली जनता आफ्ना मागबाट पछि नहट्ने धारणा व्यक्त गर्नुभएको छ ।

### देशका विभिन्न ...

मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकलमा सवार सोही नगरपालिका-९ बबिया बस्ने ५० वर्षीया रितादेवी यादवको मृत्यु भएको छ ।

उदयपुरको कटारी नगरपालिका-५ भोर्लेस्थित सडकमा प्र १-०५-००१ प ९६८२ नम्बरको मोटरसाइकल र बा ०१-००६ ख ६८४४ नम्बरको इभी गाडी एकआपसमा ठोक्किँदा सोही ठाउँ बस्ने ३० वर्षीय मोटरसाइकल चालक सुमन श्रेष्ठको मृत्यु भएको हो ।

धनुषाको जनकपुर उपमहानगरपालिका-१७ तेतरिया पुलस्थित सडकमा ज ११ प ३०५८ नम्बरको मोरटसाइकल र म प्र ०२-००९ प ११५७ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किँदा सोही ठाउँका १८ वर्षीय सुजित यादवको मृत्यु भएको छ । उक्त दुर्घटनामा घाइते भएका तीन जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

मोरडको सुनवर्षी नगरपालिका-५ झुङ्गी टोलस्थित सडकमा बीआर ३८ एच ३५०४ नम्बरको मोटरसाइकल र प्र १-०२-०४५ प ८९६६ नम्बरको मोटरसाइकल ठोक्किएर दुर्घटना हुँदा ४७ वर्षीय शिवकुमार मण्डलको मृत्यु भएको छ ।

रौतहटको मौलापुर नगरपालिका-२ मर्यादपुरस्थित सडकमा बा३प ९९७७ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा त्यसमा सवार फतुवा विजयपुर नगरपालिका-२ शीतलपुर बस्ने ७० वर्षीया सोमरियादेवी ठाकुरको मृत्यु भएको छ ।

रोल्पाको माडी गाउँपालिका-१ चालाङ भिरस्थित सडकमा घर्तीगाउँबाट पेदीखोलातर्फ जाँदै गरेको लु प्र ०२-००१ ह १९४७ नम्बरको अटो आइतबार बिहान दुर्घटना हुँदा त्यसमा सवार सोही गाउँपालिका-१ घोर्नेटी बस्ने ३२ वर्षीया खुमाकुमारी भण्डारीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

### सिन्धुलीमा टाटा सुमो’ ...

तीन जना बेपत्ता र चार जनाको उद्धार गरी उपचारका लागि स्थानीय स्वास्थ्य संस्था घुर्मीतर्फ पठाइएको छ । उक्त स्थानमा सशस्त्र प्रहरी बल नेपाल विपद व्यवस्थापन बेस खुर्कोटबाट नौ जना गोताखोरसहित १० जना, अस्थायी मनसुन बेस हर्कपुर ओखलढुङ्गाबाट १० जना र नेपाल प्रहरीको संयुक्त टोली खटिएको छ ।

### एनपिएलमा ...

तयारी अन्तिम चरणमा पुगेको सचिव खड्काले जानकारी दिनुभयो । यसबारे केही दिनभित्र औपचारिक निर्णय सार्वजनिक गरिने उहाँले जानकारी दिनुभयो ।

“एनपिएलमा डिआरएस लागू गर्ने विषयमा छलफल भइरहेको छ । यसबारेमा सोमबारसम्ममा औपचारिक जानकारी दिइनेछ”, सचिव खड्काले भन्नुभयो । क्यानले आगामी नोभेम्बर १९ देखि २१ सम्म काठमाडौँमा आइसिसी एसिया सम्मेलन आयोजना गर्नेभएको छ । सम्मेलनमा एसियाका टेस्ट तथा एसोसिएट राष्ट्रका क्रिकेट सङ्घका अध्यक्ष, सचिव र प्रमुख कार्यकारी अधिकृत सहभागी हुने सचिव खड्काले जानकारी दिनुभयो । उहाँका अनुसार सम्मेलनमा एसियाली क्रिकेटको नीतिगत विकासका विषयमा छलफल हुनेछ ।

# वेष्ट इण्डिजका चर्चित क्रिकेटर रसेलले विराटनगरबाट एनपिएल खेल्ने

काठमाडौँ, १ कात्तिक (रासस) ।

वेष्ट इण्डिजका चर्चित क्रिकेट खेलाडी आन्द्रे रसेलले नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करण विराटनगर किङ्सबाट खेल्ने भएका छन् ।

विराटनगरले रसेललाई टोलीमा अनुबन्ध गरेको सामाजिक सञ्जालमार्फत आइतबार जानकारी गराएको छ । “समर्थकले तपाईंको माग गरे । हामीले पूरा गर्यौं । विराटनगर किङ्समा स्वागत छ”, विराटनगरको टोलीले आफ्नो सामाजिक सञ्जालमा लेखेको छ ।

सन् १९८८ अप्रिल २९ मा जमैकामा जन्मिएका रसेलले वेष्ट इण्डिजका लागि एउटा टेष्ट, ५६ एकदिवसीय अन्तरराष्ट्रिय र ८६ टी-२० अन्तरराष्ट्रिय खेल खेलेका छन् । उनले एकदिवसीय अन्तरराष्ट्रियमा एक हजार ३४ रन बनाउनुका साथै ७० विकेट लिएका छन् ।

टी-२० अन्तरराष्ट्रियमा उनले एक हजार १२२ रन बनाउनुका साथै ६१ विकेट लिएका छन् । अन्तरराष्ट्रिय क्रिकेटसँगै रसेलले विश्वका विभिन्न व्यावसायिक फ्रेन्चाइज लिगमा पनि प्रभावशाली प्रदर्शन गरेका छन् ।

इण्डियन प्रिमियर लिग ( आइपिएल)मा उनले दिल्ली डेयरडेभिल्स र कोलकाता नाइट राइडर्सबाट खेलेका छन् । आइपिएलमा उनको नाममा दुई हजार ६५१ रन र १२३ विकेट छन् । उनले सन् २०१४ र २०२४ मा कोलकाताबाट आइपिएलको उपाधि जितेका थिए ।

रसेलले क्यारेबियन प्रिमियर लिग (सिपिएल), पाकिस्तान सुपर लिग (पिएसएल), बङ्गलादेश प्रिमियर लिग (बिपिएल), बिग बास लिग (बिबिएल), इन्टरनेसनल लिग टी-२० र मेजर लिग क्रिकेटलगायत प्रतियोगिता पनि खेलिसकेका छन् ।

रसेल सन् २०१२ र २०१६ मा टी-२० विश्वकप जित्ने वेष्ट इन्डिज टोलीका सदस्यसमेत थिए । उनी अब एनपिएलमा पनि आफ्नो छाप छोड्न चाहन्छन् ।

# नेपाल टेलिकम एनपिएल-३ को ‘अफिसियल पार्टनर’

काठमाडौँ, १ कात्तिक (रासस) ।

नेपाल दूरसञ्चार कम्पनी ( नेपाल टेलिकम)ले तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) प्रायोजन गर्ने भएको छ ।

टेलिकमका प्रबन्ध निर्देशक सङ्गीता पहाडी र क्रिकेट एसोसिएसन नेपाल (क्यान)का महाप्रबन्धक उत्सव ढुङ्गानाले आइतबार सो सम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको छ ।

त्यस अवसरमा प्रमुख प्राविधिक अधिकृत डिल्लीराम अधिकारीले राष्ट्रियस्तरको क्रिकेट प्रतियोगितामा कम्पनीले पहिलेदेखि नै सहयोग गर्दै आएको स्मरण गर्दै देशमा क्रिकेको संस्थागत विकासमा यसबाट योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

यही कात्तिक ९ देखि आगामी मङ्सिर ५ गतेसम्म कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा एनपिएल हुँदैछ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, गरिबी निवारण तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय राजविराज
सप्तरी

मिति :-२०८३/०६/२७

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेष्ता बमोजिम रैती नं. १३ फनीलालको नाममा कायम रहेका साविक प्रगन्ना पकरी मौजे वेल्हीको सा.कि.नं. ४४९ को ज.वि. १-८-१ जग्गा मध्ये शिवानन्द दास सरसको नाममा ७ नं. फाटवारीमा जि.स. पं. वेल्ही सा.कि.नं.४४९ ज.वि. ०-५-१२ कायम रहेकोमा जम्मा ज.वि.०-६-१ घरसारमा खरिद गरि लिएको र निज निवेदकको आफ्नो अंश भागको दर्ता गर्न बाँकी रहेको ज.वि.०-०-६ समेत गरि जम्मा ज.वि.०-६-७ जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. तिलाठी वार्ड नं.८ हाल तिलाठी कोइलाडी गा.पा. वडा नं. १ बस्ने फनि लाल दासको नाती श्री नारायण लाल दासको छोरा अवधेश कुमार दासको यस कार्यालयमा द.नं. १५५३२ मिति २०८२/१०/०६ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८३/०६/२७ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साविक कि.नं. | साविक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ४४९ | फनिलाल | तिलाठी | ९ख | ९/२२५ /५४५ | ०-७-१६ मध्ये उत्तर तर्फबाट ०-६-७ | अवधेश कुमार दास | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा तिलाठी वाड नं. ३ बस्ने फनिलाल दासको नम्बरी हो रहेको। |

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), लेआउट : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np